नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २३८ २०७९ साल बैशाख १२ गते सोमबार (25 Apr. 2022 Monday) मूल्य रु. ५/-

गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन।

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एसइईमा जापानबाट १९ विद्यार्थी,.. ३ पृष्ठमा : राष्ट्रसङ्घका महासचिव ...४ पृष्ठमा : राजविराज नगरपालिकाद्वारा ...

# पहिलो दिन सप्तरीमा २२ प्रमुख/अध्यक्ष तथा १३ उपप्रमुख/उपाध्यक्ष पदमा मनोनयन दर्ता



**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**
यही बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागी आईतवार पहिलो दिन विभिन्न राजनीतिक दलहरुले उत्साहपूर्वक उम्मेदवारी मनोनयन पत्र दर्ता गराएका छन् ।

पहिलो दिन सप्तरीको १८ वटै स्थानिय तहहरुमा २० जना प्रमुख/अध्यक्ष पदमा तथा ११ जनाले उपप्रमुख/उपाध्यक्ष पदमा विभिन्न पार्टी एवं स्वतन्त्रबाट मनोनयन पत्र दर्ता गराएका छन् ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकामा जनमत पार्टीबाट बिरेन्द्र माझी र नेपाल विवेकशिल पार्टीबाट माधव कुमारले प्रमुख पदमा मनोननय दर्ता गराएका छन् ।

यस्तै सुरुङ्गा नगरपालिकामा नेकपा एसबाट रामनारायण चौधरी, शम्भुनाथमा उम्देश्वर साहले प्रमुख पदमा मनोनयन दर्ता गराएका छन् । विष्णुपुरमा जसपाबाट उमेश प्रसाद साह र लोसपाबाट सुरेन्द्र प्रसाद यादवले अध्यक्ष पदमा मनोनयन दर्ता गराए ।

बलानबिहुल गाउँपालिकामा जनतमका खेमचन्द्र यादवले अध्यक्ष पदमा मनोनयन दर्ता गराएका छन् । त्यस्तै रुपनी गाउँपालिकामा जसपाबाट निवर्तमान अध्यक्ष हरेराम यादवले पनि अध्यक्ष पदमा उम्मेदवार दर्ता गराए भने विवेकानन्द यादवले स्वतन्त्रबाट उपाध्यक्षमा मनोनयन दर्ता गराएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै राजविराजमा राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट प्रमुख पदमा उमेश प्रसाद साह र उपप्रमुख पदमा सरिता झाले उम्मेदवारी दर्ता गराएका छन् भने लोकतान्त्रिक समाजवादी पार्टीको तर्फबाट नगर प्रमुख पदमा दिपेन्द्र चौधरी तथा उपप्रमुख पदमा निवर्तमान उपप्रमुख साधना झाले उम्मेदवारी दर्ता गराए । राजविराजमै स्वतन्त्रबाट मोहनकुमार रामले प्रमुख पदमा उम्मेदवारी दर्ता गराएका छन् ।

यता महादेवा गाउँपालिमा लोसपाबाट सुनिल कुमार मण्डल तथा नेकपा एसबाट मो. हजरत मियाँले अध्यक्ष पदमा तथा स्वतन्त्रबाट पुजा शुक्ला र लोसपाबाट अर्चना कुमारी यादवले उपाध्यक्ष पदमा उम्मेदवारी दिएकी छन् ।

जिल्लाकै बोदेबरसाइन नगरपालिकामा जनमत पार्टीबाट थानेश्वर प्रसाद साह तथा लोसपाबाट अमरेन्द्र प्रसाद यादवले प्रमुख पदमा उम्मेदवारी दर्ता गराएका छन् भने लोसपाबाटै ममता कुमारी साहले उपप्रमुखमा उम्मेदवारी दिएकी छिन् ।

तिलाठी कोइलाडीमा जनमतबाट संगिताकुमारी मण्डलले उपाध्यक्षमा मनोनयन दर्ता गारएकी छिन् । यस्तै तिरहुतमा जनमतकै विष्णुप्रसाद यादवले अध्यक्षमा मनोनयन दर्ता गराए । यसैगरि खडक नगरपालिकामा जनमतकै सुरतलाल साहले प्रमुख तथा मंजुदेवी चौधरीले उपप्रमुख पदमा उम्मेदवारी दिएका छन् ।

कंचनरुप नगरपालिकामा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट दिनेश्वर यादवले प्रमुख तथा जनमतबाट सम्झना रानाले उपप्रमुख पदमा उम्मेदवारी दिएका छन्

*बाँकी तीन पृष्ठमा*

## जसपा, एमाले र लोसपाले राविनपाको प्रमुख/उपप्रमुख टुङ्गो लगायो

**दैनिक समाचारदाता**
**राजविराज, ११ बैशाख ।**
राष्ट्रिय मान्यता प्राप्त दल जसपा र एमालले राजविराज नगरपालिकाको प्रमुख/उपप्रमुख पदका उम्मेदवारको नाम टुङ्गो लगाएको छ ।

जसपाबाट राजविराजको प्रमुख पदमा भिमराज यादव तथा उपप्रमुख पदमा इसरत प्रविणको नाम टुङ्गो लगाएको हो ।

यस्तै नेकपा एमालले राजविराज नगरपालिकाको प्रमुख र उपप्रमुखको उम्मेदवारको नाम पनि टुङ्गो लगाएको छ ।

नगरपालिकाको प्रमुखमा अनिल कुमार झा र उपप्रमुखमा ससिला कुमारी देवको नाम टुङ्गो लगाएको पार्टी श्रोतले जनाएको छ ।

यता राष्ट्रिय मान्यता प्राप्त दल नेपाली कांग्रेस, माओवादी केन्द्र र नेकपा एसले हालसम्म प्रमुख र उपप्रमुखको नाम टुङ्गो लगाउने सकेको छैन् ।

यसअघि लोसपाबाट राजविराजको प्रमुखमा दिपेन्द्र चौधरी र उपप्रमुखमा साधना झालाई टुङ्गो लगाएपछि उनीहरुले आइतबारै मनोनयन दर्ता समेत गराइसकेका छन् ।




# वीरगन्ज नाकाबाट नौ महिनामा ६९ अर्बको नेपाली वस्तु निर्यात

पर्सा, ११ वैशाख (रासस)।

नेपालको मुख्य प्रवेशद्वार र देशकै प्रमुख व्यपारिक नाका वीरगञ्जलाई प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा उलेख्य वृद्धि भएको छ। गत आर्थिक वर्षको नौ महिनाको तुलनामा चालू आवको सोही अवधिमा नेपाली वस्तुको निर्यात १२० प्रतिशतले बढेको हो।

आर्थिक वर्ष २०७७/८७ को साउनदेखि चैतसम्ममा रु ३१ अर्ब ७६ करोड ४६ लाख भन्दा बढी मूल्यको नेपाली वस्तु निर्यात भएको तुलनामा चालू आवको सोही अवधिमा वीरगञ्ज नाका प्रयोग गरी रु ३६ अर्ब ९४ करोड २१ लाख बढी अर्थात रु ६९ अर्ब ७० करोड ६७ लाखभन्दा बढी मूल्यको नेपाली वस्तु निर्यात भएको छ। यो गत आवको तुलनामा एक सय १९.५६ प्रतिशत बढी हो।

वीरगन्ज नाका प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ निकासी हुने मुख्य वस्तुमा भटमासको प्रशोधित तेल, प्रशोधित पाम आयल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, दालमोठ कपडा लगायतका वस्तु रहेको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो। उहाँले वीरगञ्ज नाका प्रयोग गरी भारत तथा तेस्रो मुलकतर्फ हुने नेपाली वस्तुको निर्यात बढेसँगै यसको सकारात्मक प्रभाव वीरगञ्ज भन्सार कार्यालयको राजस्व सङ्कलनमा परेको बताउनुभयो।

गत आर्थिक वर्षको पहिलो नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा करिब २५ प्रतिशत बढी राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको पहिलो नौ महिनामा रु एक खर्ब २४ अर्ब ७७ करोड ५२ लाख राजस्व सङ्कलन भएको तुलनामा रु ३० अर्ब ६० करोड ७७ लाख बढी अर्थात् रु एक खर्ब ५५ अर्ब ३८ करोड २९ लाख राजस्व सङ्कलन गर्न सफल भएको वीरगञ्ज भन्सारले जनाएको छ।

# खटिएका कर्मचारीलाई वैशाख १५ गतेभित्र अनिवार्य हाजिर हुन निर्देशन

काठमाडौँ, ११ वैशाख (रासस)।

निर्वाचन आयोगले विभिन्न मन्त्रालय र निकायका गत चैत १५ गतेभित्र सरुवा वा काज जा पदस्थापन भएका कर्मचारीहरू खटिएका तत् निकायमा हाजिर नभएको गुनासो प्राप्त भएकाले यही वैशाख १५ गतेभित्र अनिवार्यरूपमा हाजिर हुन पठाउने व्यवस्थाका लागि आइतबार निर्देशन दिएको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गर्नुभएको प्रेस विज्ञप्तिमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको कुनै मन्त्रालय, विभाग वा कार्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा

*बाँकी तीन पृष्ठमा*

# एसइईमा जापानबाट १९ विद्यार्थी, नेपालमा पाँच विदेशी सहभागी

**प्रकाश सिलवाल**

काठमाडौँ, ११ वैशाख (रासस)।

माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) २०७८ मा जापानबाटसमेत १९ जना नेपाली विद्यार्थी सहभागी छन्। जापानको टोकियोस्थित एभरेष्ट इन्टरनेशनल स्कुलमा तोकिएको परीक्षा केन्द्रबाट ती विद्यार्थीले परीक्षा दिइरहेका छन्।

सो केन्द्रामा जापानस्थित नेपाली दूतावासबाट अनुगमन भइरहेको छ। उक्त विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरिएकाले नेपाल सरकारको राष्ट्रिय परीक्षा बोर्डको कार्यतालिका बमोजिम परीक्षा सञ्चालन भएको हो।

त्यहाँका विद्यार्थीका लागि नेपालबाटै प्रश्नपत्र पठाइएको छ भने विद्यालयका प्रधानअध्यापकलाई केन्द्राध्यक्ष तोकिएको राष्ट्रिय परीक्षा बोर्डमातहतको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० का कामु परीक्षा नियन्त्रक अर्जुन रायमाझीले जानकारी दिनुभयो। यही वैशाख ९ गतेदेखि सुरु भएको यो परीक्षामा ललितपुरबाट पाँच जना विदेशी विद्यार्थीले नेपालमा रहेर परीक्षा दिइरहेका छन्।

अघिल्ला दुई वर्षमा कोभिड–१९ का कारण आन्तरिक मूल्याङ्कनबाट परीक्षा सम्पन्न भएकामा यसवर्ष भौतिक उपस्थितिमा केन्द्रस्तरबाट परीक्षा सञ्चालन भएको हो।

पाँच लाख १४ हजार ९७७ विद्यार्थीले आवेदन दिएको परीक्षामा कूल दुई हजार सात परीक्षा केन्द्र तोकिएका छन्। परीक्षामा दुई लाख ५७ हजार ९२४ छात्रा र दुई लाख ५७ हजार ५३ छात्र रहेका छन्। परीक्षामा ग्रेडवृद्धितर्फ ११ हजार ४५४ र प्राविधिक धारतर्फ १४ हजार ५६४ विद्यार्थी रहेको परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीले जनाएको छ। देशभरबाट पहिलो र दोस्रो दिनको अनुपस्थित परीक्षार्थी सङ्ख्या सङ्कलन भइनसके पनि काठमाडौँमा कूल ३६ हजार परीक्षार्थीले आवेदन दिएकामाा एक हजार एक सय विद्यार्थी अनुस्थित रहेको पाइएको छ।

परीक्षामा कूल ६१ विषयका विद्यार्थी संलग्न छन्। परीक्षाका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक र सुरक्षाकर्मी गरी करीब ७० हजार जनशक्ति खटिइएका छन्। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल, बोर्डका अध्यक्ष महाश्रम शर्मा, मन्त्रालयका सचिव यादव कोइराला, नियन्त्रक रायमााझीलगायत उच्चाधिकारीले परीक्षाबारे नियमित जानकारी लिई आवश्यक सहजीकरण र निर्देशन दिइरहनुभएको छ।

यही वैशाख २० गतेसम्म सञ्चालन हुने परीक्षाको दोस्रो दिन आज परीक्षा सञ्चालन निरीक्षणका क्रममा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा भेटिनुभएका अध्यक्ष शर्माले हालसम्मको परीक्षा शान्तिपूर्ण, व्यवस्थित र मर्यादितरुपमा भएको बताउनुभयो। बोर्डले विभिन्न जिल्लामा परीक्षाको अनुगमन पनि गरिरहेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पौडेलले सङ्घीय शिक्षा ऐन निर्माण भइनसकेकाले यस वर्षसम्म केन्द्रबाटै एसइई सञ्चालन भएको र आगामी दिनमा प्रदेशस्तरबाट सञ्चालन गराउन नीतिगत निर्णय भइसकेको राससलाई बताउनुभयो। आगामी दिनमा प्रदेशस्तरमा प्रश्नपत्र निर्माण, परीक्षा व्यवस्थान, सञ्चालन र उत्तरपुस्तीका समपरीक्षणलगायतका कार्य हुनेछ भने बोर्डबाट अभिलेखीकरण र परीक्षाफल प्रकाशनका कार्य हुने नियन्त्रक रायमाझीले बताउनुभयो।

संविधानतः माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको जिम्मेवारीमा परेकाले कक्षा १० को परीक्षा केन्द्रबाट सञ्चालन गरिरहनु उपयुक्त नहुने विज्ञहरुको भनाइ छ। सिकाइ उपलब्धिमा सुधार र शिक्षामा सुधारका लागि पाठ्यक्रम, शिक्षण पद्दति र परीक्षा प्रणालीमा थप परिमार्जनका लागि पनि बहस चल्दै आएको छ।

स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रबर्द्धन गरौं।

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## पहिलो दिन ...

भने अग्निसाइर कृष्णासवरण गाउँपालिकामा जनमतबाट ललितकुमार यादवले प्रमुख पदमा उम्मेदवारी दर्ता गराए ।

यस्तै जिल्लाको छिन्नमस्ता गाउँपालिकामा निर्वतमान जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादवले लोसपा परित्याग गरि जनता प्रगतिशिल पार्टीबाट अध्यक्ष पदमा मनोननय दर्ता गराएका छन् । सोही पार्टीबाट उपाध्यक्ष पदमा बबिताकुमारी साहले मनोनयन दर्ता गराएकी छिन् । सो गाउँपालिकामा जनमत पार्टीबाट भुवनेश्वर मण्डल (वेलचन)ले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन् भने लोसपाबाट विद्यानन्द चौधरीले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन् । सोही पार्टीबाट उपाध्यक्षमा निर्वतमान उपाध्यक्ष उषाकुमारी मण्डलले समेत मनोनयन दर्ता गराइन् ।

जिल्लाका अन्य पालिकामा रहेका निर्वाचन अधिकृतको कार्यालयबाट सबै तथ्याङ्क आईनसकेकाले संख्या अझै थपिने मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीले जानकारी दिए । ९ गाउँपालिका र ९ नगरपालिका गरी १८ स्थानीयतहमा उत्साहपुर्वक र शान्तिपुर्ण ढंगले मनोनयन भएको मुख्य निर्वाचन अधिकृत ज्ञवालीले जानकारी दिए ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल (जसपा) नेकपा एकिकृत समाजवादी, जनमत पार्टी, जनता प्रगतिशील पार्टी, तमलोपा लगायत पार्टीका उम्मेदवारले सोमवार मात्र उम्मेदवारी दर्ता गराउने भएकाले सो संख्या चार गुणा बढी पुग्ने अनुमान गरिएको छ ।

विहान १० बजे देखी साँझ ५ बजे सम्म मनोनयन दर्ता गर्ने समय तोकिएको छ । ४ लाख १२ हजार ४ सय ४५ मतदाता रहेका स्थानीयतहको निर्वाचनका लागी जिल्लामा ५ सय ३६ मतदान केन्द्र कायम गरीएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

## खटिएका ...

नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित संस्था वा निकायमा निर्वाचन आयोगको २०७८ फागुन १६ गतेको निर्देशनबमोजिम तत् निकायमा हाजिर निर्देशन दिइएकामा स्थानीय तह सदस्य निर्वाचन २०७९ का लागि मतदान केन्द्र तथा मतगणना कार्यमा खटाउने प्रयोजनका लागि यही वैशाख १५ गतेभित्र अनिवार्यरूपमा हाजिर हुन पठाउने व्यवस्थाका लागि सरोकारवाला सबैमा निर्देशन दिइएको उल्लेख छ ।

स्थानिय तह निर्वाचनका लागि मनोनयन दर्ताको पहिलो दिन आइतबार नाम दर्ता गराउँदै उम्मेदवारहरु ।
*तस्बिर : राजविराज दैनिक*











# विश्व समाचार

## राष्ट्रसङ्घका महासचिव रुस र युक्रेन जाने

न्युयोर्क, १० वैशाख (रासस/एएनआई) ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस युद्ध अन्त्यका लागि रुस र युक्रेन जानुहुने भएको छ ।

उहाँ यही अप्रिल २६ मा रुस र २८ मा युक्रेन जाने तय भएको सरकारी अधिकारीले जानकारी दिएका छन् । उहाँलाई दुबै देशमा राष्ट्रपतिले स्वागत गर्नुहुने जनाइएको छ ।

रुसमा गएका बेला उहाँले राष्ट्रपति भ्यालदिमिर पुटिन र विदेश मन्त्री सेर्गेई लाभ्रोभलाई भेटेर रुसमाथीको आक्रमण रोक्न आग्रह गर्नुहुने भएको छ ।

महासचिव गुटेरेसका सहायक प्रवक्ता एरि कानेकोले दुवै जनासँग वार्ताका लागि उहाँ मस्को जान लागेको पुष्टि गर्नु भएको छ । दुवै जनासँग एकै दिन भेटवार्ता हुने पनि उहाँले स्पष्ट पार्नुभयो ।

त्यसपछि उहाँ युक्रेन पुगेर त्यहाँका उच्च अधिकारीसँग भेटवार्ता गर्नुहुनेछ । "युक्रेन भ्रमणका लागि पनि महासचिवले तयारी गर्नु भएको छ", सहायक प्रवक्ता कानेकोले भन्नुभयो ।

गत मङ्गलबार महासचिव गुटेरेसले चार दिन मानवीय बिदा दिन दुबै पक्षलाई अनुरोध गर्नु भएको थियो ।

उहाँले शान्ति प्रक्रिया अगाडि बढाउनका दुवै देशका उच्च अधिकारीलाई अनुरोध गरी वार्तामार्फत विवाद अन्त्य गर्न पहल गर्नुहुने भएको छ ।

युक्रेनमा उहाँले राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीलाई र विदेश मन्त्री दिमित्रो कुलेबालाई भेट्ने कार्यक्रम रहेको छ ।

## कम्बोडियाका ९३ प्रतिशतले पाए कम्तिमा एउटा खोप

नोम पेन, १० वैशाख (रासस/सिन्ह्वा) ।

कम्बोडियाका तीन वर्षभन्दा माथिको कुल जनसङ्ख्याको ९३ प्रतिशतले कोरोना भाइरस विरुद्धको कम्तीमा एउटा खोप लगाएका छन् ।

तीन वर्षभन्दा कम उमेरका बालबालिकालाई भने अहिलेसम्म खोप नलगाइएको सरकारी अधिकारीले जानकारी दिएका छन् ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ताले शनिबार दिएको जानकारीअनुसार नागरिकलाई लगाइएको खोपमध्ये सबैभन्दा धेरै चिनियाँ खोप रहेको छ ।

दक्षिण पूर्वीएसियाली मुलुक कम्बोडियामा सन् २०२१ को फेब्रअरीदेखि कोरोना भाइरस विरुद्धको खोप लगाउने अभियान सुरु भएको थियो ।

झण्डै १४ महिनाको अवधिमा कम्बोडियामा आयात गरिएको खोपमध्ये सबैभन्दा धेरै चीनबाट आयात गरिएको छ ।

"मुलुकको एक करोड ४८ लाख ८० हजार मानिसलाई कोरोना भाइरस विरुद्धको कम्तीमा एउटा खोप लगाइएको छ," मन्त्रालयका प्रवक्ताले भने । कम्बोडियामा अहिले झण्डै एक करोड ६० लाख जनसङ्ख्या रहेको छ ।

खोप लगाएकामध्ये ८८.३ प्रतिशतले भने दुबै खोप लगाएका छन्, त्यो जनसङ्ख्या एक करोड ४१ लाखभन्दा बढी हुन्छ ।

त्यसैगरी ८२ लाख मानिस अर्थात ५१ प्रतिशतले बुस्टर डोज खोप लगाएका छन् भने १३ लाख अर्थात आठ प्रतिशतले चौथो डोज लगाएका छन् ।

यतिधेरै मानिसले खोप लगाउँदासमेत कम्बोडियामा अहिले पनि दैनिक सङ्क्रमित भेटिने गरेका छन् ।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा २८ जनामा नयाँ सङ्क्रमण देखिएको छ । मृतकको सङ्ख्या भने शून्य रहेको छ ।

कम्बोडियामा अहिलेसम्म कुल एक लाख ३६ हजार कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् भने तीन हजार ५६ को मृत्यु भएको छ ।

## कोरोनाका कारण भारतमा थप दुई हजार ५०० संक्रमित ३३ को मृत्यु

नयाँदिल्ली, १० वैशाख (रासस/एएनआई) ।

कोरोना भाइरसका कारण भारतमा थप दुई हजार ५०० सङ्क्रमित भएका छन् भने ३३ को मृत्यु भएको छ ।

सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा दुई हजार ५२७ कोरोना भाइरसबाट सङ्क्रमित भएका हुन् ।

सङ्घीय स्वास्थ्य मन्त्रालयले दैनिक सङ्क्रमित र मृतकको सङ्ख्या पछिल्ला दिनमा बढ्दै गइरहेको जनाएको छ ।

यसअघि शुक्रबार सार्वजनिक भएको विवरणमा दुई हजार ४५१ सङ्क्रमित भएको देखिएको थियो । मृतकको सङ्ख्या शनिबारभन्दा बढी ५४ रहेको थियो ।

पछिल्लो एक दिनमा एक हजार ६५६ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । एउटै अवधिमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्या भने घट्दै गएको छ ।

मन्त्रालयका अधिकारीले दिएको जानकारीअनुसार भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या १५ हजार ७९ रहेको छ ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# राजविराज नगरपालिकाद्वारा क्रिकेट खेलाडी सम्मानित



**दैनिक समाचारदाता राजविराज, ११ बैशाख ।**

बिराटनगर महानगरपालिकाको आयोजनामा गत चैत्र २२ गते देखि २६ गते सम्म आयोजित मेयर कप अन्तर नगरपालिका स्तरीय क्रिकेट प्रतियोगिता अर्न्तगत बिजेता राजबिराज नगरपालिकाका क्रिकेट खेलाडीहरुलाइ एक कार्यक्रमबीच राजबिराज नगरपालिकाले सम्मान गरेको छ ।

आईतवार सम्पन्न कार्यक्रममा राजबिराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र प्रसाद यादवद्धारा टोलिका १८ जना खेलाडि तथा अफिसियललाई जनहि १५ हजार बरावरको क्रिकेट सामाग्रि हस्तान्त्रण गरिएको छ । जस अर्न्तगत जनहि खेलाडिलाई क्रिकेट ब्याट, प्याड, ब्याटिंग ग्लोब्स, थाई गार्ड, किट ब्याग लगायतका सामाग्रि बितरण रहेको छ ।

प्रतियोगितामा प्रदेश नं. १ का बिराटनगर महानगरपालिका, इनरुवा नगरपालिका र मेची नगरपालिकाको सहभागिता रहेको थियो भने मधेश प्रदेशका बिरगंज महानगरपालिका, जनकपुर उपमहानगरपालिका तथा राजबिराज नगरपालिकाको सहभागि रहेको थिए । प्रतियोगिता अर्न्तगत फाईनलमा राजबिराज नगरपालिकाले जनकपुर उपमहानगरपालिकालाई १० रनले पराजित गर्दै उपाधि जितेको थियो । उपाधि संगै राजबिराज नगरपालिकाको टोलिले १ लाख १ हजार समेत प्राप्त गरेका थिए ।

कार्यक्रममा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठ, उपाध्यक्ष धमेन्द्र चौधरी, राजबिराज नगरपालिकाका लेखा प्रमुख शत्रुघन दास, लेखापाल जयराम यादव, स्वास्थ्य शाखा प्रमुख निरन्जन यादव, पशुपंक्षि बिकास शाखाका प्रमेश्वर यादव, सुचना अधिकृत सुरेश यादव, अन्तराष्ट्रिय खेलाडिद्धय महवुव आलम तथा बिवेक यादव लगायतको उपस्थित रहेको थियो भने कार्यक्रमको संचालन शिक्षा शाखाका भगवति बिकले गरेका थिए ।

# माओवादी केन्द्र महादेवा गाउँपालिका संयोजक यादवद्वारा पार्टी परित्याग



**दैनिक समाचारदाता राजविराज, ११ बैशाख ।**

सप्तरीको महादेवा गाउँपालिका माओवादी केन्द्रका संयोजक तथा जिल्ला कमिटी सदस्य मनोज कुमार यादवसहित ६ जनाले पार्टी परित्याग गरेका छन् ।

आइतबार पत्रकार सम्मेलनको आयोजना गरि उनले गाउँपालिका संयोजक समेतलाई जानकारी नै नदिई सबै वडासम्म जिल्लाको नेताहरुले हैकमबादी र मनपरी तरिकाले आफु खुशी टिकट वितरण गरेको आरोप लगाए ।

राजिनामा दिनेहरुमा यादवसहित वडा नं. २ बुथ कमिटीका अरबिन्द कुमार मण्डल, वडा नं. ५ बुथ कमिटीका बाल किशुन पण्डित, चन्द्रनारायण खंग, जगदिश राम र दुखी राम रहेका छन् ।

पत्रकार सम्मेलनमा यादवले स्थानिय तहबाटै उम्मेदवार छनौट हुनुपर्नेमा जिल्लाका नेताहरुले मनपर्दी गरेको आरोप लगाए । उनले भने, “पार्टी गलत होइन्, जिल्लाका पार्टी नेताहरुबीच रहेको गुटउपगुट प्रवृतीका कारण पार्टी तहसनहस भएको छ ।”

# सिरहामा ८० विद्यार्थी निष्कासित

लहान, ११ वैशाख (रासस) ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) को आइतबार दोस्रो दिन अनिवार्य गणित विषयको परीक्षामा अमर्यादित कार्य गरेको भन्दै ८० जना परीक्षार्थीलाई निष्कासन गरिएको छ ।

सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडीको नेतृत्वमा गएको अनुगमन टोलीले परीक्षामा चिठ, फ्ल्याप र मोबाइल प्रयोग गरी परीक्षाको मर्यादा विपरीत कार्य गरेकोग भन्दै सिरहाको विभिन्न परीक्षा केन्द्रबाट ८० जना विद्यार्थीलाई निष्कासन गरेको हो । सिरहाको लहान नगरपालिका-१३ स्थित बस्तीपुर माविबाट ३५, लहान नगरपालिका २० स्थित माध्यमिक विद्यालय हनुमाननगर ब्रम्हानगोर्छारी परीक्षा केन्द्रबाट १९ र पडरिया थारुटोल मावि परीक्षा केन्द्रबाट २६ विद्यार्थीलाई निष्कासन गरेको प्रजिअ कवाडीले जानकारी दिनुभयो ।

यस वर्षको एसईई परीक्षामा सिरहा जिल्लाबाट १६२ विद्यालयका १० हजार ६४० जना परीक्षार्थी सहभागी रहेको जिल्ला शिक्षा विकास तथा समन्वय एकाइ सिरहाले जनाएको छ।

# पूर्वराज्यमन्त्री झाको निधन

काठमाडौँ, ११ वैशाख (रासस) ।

संविधानसभा सदस्य डा डिम्पलकुमारी झाको आइतबार बिहान निधन भएको छ । क्यान्सर रोगबाट पीडित उहाँको आज बिहान काठमाडौँको रानीबारीस्थित निवासमै निधन भएको हो ।

मधेस प्रदेशको पूर्वराज्यमन्त्रीसमेत रहनुभएकी झा हाल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट मधेश प्रदेशको प्रदेशसभा सदस्य हुनुहुन्थ्यो । लोसपाका नेता एवं पूर्वमन्त्री अनिल कुमार झाकी पत्नी उहाँ दुई वर्षदेखि क्यान्सरबाट पीडित हुनुहुन्थ्यो ।

करिब दुई महिनाअघिदेखि भक्तपुर क्यान्सर अस्पतालमा उहाँको उपचार भइरहे पनि पछिल्लो समय चिकित्सको सल्लाहमा घरमै रेखदेख भइरहेकामा आज बिहान निधन भएको लोसपाका केन्द्रीय कार्यकारिणी सदस्य केशव झाले जानकारी दिनुभयो ।

# निर्वाचन अधिकृतको कार्यालय निरिक्षण

**दैनिक समाचारदाता राजविराज, ११ बैशाख ।**

वैशाख ३० गते हुने स्थानिय तह निर्वाचनको लागि स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालय आइतबार प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको नेतृत्वमा निरिक्षण गरिएको छ ।

प्रजिअ गौतमसहितका टोलीले सप्तरीको पुर्वी क्षेत्रमा रहेको हनुमानगर कंकालिनी नगरपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालय, हनुमानगर कंकालिनी नगरपालिका वडा नं. ३ स्थित पोर्ताहामा रहेको निर्वाचन अधिकृतको कार्यालयको निरिक्षण गरिएको हो ।

सो क्रममा प्रजिअ गौतमले अगामी स्थानियतहको निर्वाचनलाई सफल कसरी बनाउने भन्ने बिषयमा स्थलगत निरिक्षण एवम निर्वाचन अधिकृतहरुबाट निर्वाचनको गतिबिधिहरु बारे जानकारी समेत लिए ।

यस्तै तिरहुत गाउँपालिकामा रहेको निर्वाचन अधिकृतको कार्यालयमा समेत स्थलगत निरिक्षण गरि त्यहाँ निर्वाचनको समानहरु जुटाउन र मतदाताहरुलाई सुबिधा हुनेगरि सुरक्षा ब्यवस्था बारे समेत प्रजिअ गौतमले निर्देशन दिए ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्य अनुरुप उक्त ठाउँमा स्थलगत निरीक्षण, अनुगमन गरिएको जनाइएको छ ।

जिल्लाकै महदेवा गाउँपालिकामा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालयमा समेत गएर प्रजिअ गौतम सहितको टोलीले निर्वाचन शान्तिपुर्ण र भयरहित तथा निर्वाचनमा खटिने कर्मचारीहरुको अवस्था, निर्वाचन सकिएपछि मतपेटिका राखिने भवनको समेत निरिक्षण गरे ।

निर्वाचन नजिकिदै गरेको अवसथमा प्रजिअ गौतमसहित जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक अविनारायण काफ्ले, राष्ट्रिय अनुसन्धान आयोग राजविराजबाट महेश दास र राष्ट्रिय समाचार समिति ( रासस) का समाचारदाता अरुणकुमार यादव लगायतकाले निर्वाचन अधिकृतको कार्यालय निरिक्षण गरेका थिए ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*